# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३०४ | काठमाडौं | शुक्रबार, १६ फागुन २०८१ | Prabhab National Daily | Friday, February 28, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# प्राध्यापक आन्दोलित परीक्षा स्थगित

■ जेबी योञ्जन




- एमभीएससी थेरियोजेनोलजी अन्तर्गत एड्भान्स्ड गाइनाइकोलजी र इन्फर्टिलिटी इन डोमेस्टिक एनिमल्स् विषयको परीक्षा स्थगित, एक सय विद्यार्थी प्रभावित
- बीभीएससी र एएच नवौं चौथो र दोस्रो सत्रान्तको (स्नातक तह) परीक्षा पनि स्थगित, १५० विद्यार्थी प्रभावित
- विभिन्न मागसहित आन्दोलित भेटनरी संकायका प्राध्यापकले आन्तरिक मूल्याङ्कनको अंक नपठाउँदा परीक्षा स्थगित भएको डीन दाहालको भनाइ

**काठमाडौं–** भेटनरी प्राध्यापक आन्दोलित हुँदा कृषि तथा पशु विज्ञान अध्ययन संस्थानअन्तर्गत पक्लिहवा क्याम्पसका नियमित परीक्षाहरू प्रभावित भएका छन् ।

एमभीएससी थेरियोजेनोलजी (स्नातकोत्तर तह) अन्तर्गत एड्भान्स्ड गाइनाइकोलजीका बिहीबार हुने परीक्षा स्थगित भएको छ । संस्थानको परीक्षा शाखाका सहायक डीन डा. हरिकृष्ण पन्तले सूचना जारी गर्दै उक्त विषयको आन्तरिक मूल्याङ्कनको अंक प्राप्त नहुँदा रोकिएको र अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जनाएका छन् ।

परीक्षार्थी सङ्ख्या एक सय छन् । परीक्षा नै स्थगित हुँदा उनीहरू अन्योलमा परेका छन् । एमभीएससी दोस्रो वर्षमा अध्ययनरत अनिश बालचौडीले प्राध्यापकको स्वार्थसँग जोडिएको मुद्दाले परीक्षा प्रभावित भएको बताए । उनले भने, 'हामी एकदम मारमा परेका छौँ, हाम्रो शैक्षिक भविष्य नै के हुने हो थाहा छैन । कहिलेसम्म परीक्षा रोकिने हो ?' यसअघि ७ फागुनमा हुने भनिएको एमभीएससीं थेरिओजेनोलजी अन्तर्गतको इन्फर्टिलिटी इन डोमेस्टिक एनिमल्स् विषयको दोस्रो सेमेस्टरको परीक्षा प्राध्यापककै आन्दोलनले स्थगित भएको थियो ।

बीभीएससी र एएच नवौं चौथो र दोस्रो सत्रान्तको (स्नातक तह) परीक्षाहरू पनि रोकिएका थिए । यस तहका परीक्षार्थी सङ्ख्या एक सय ५० जना छन् । बीभीएससी भेटरेनरी अध्ययनरत रवीन ढकालले विद्यार्थीको भविष्यमाथि प्राध्यापकले खेलबाड गरेको गुनासो गरे । 'हामी परीक्षाको तयारीमा थियौं । तर, लामो समयदेखि प्राध्यापकहरू पेनडाउनमा उत्रिनुभयो । अहिले पनि आन्दोलित हुनुहुन्छ । यसको सिकार हामी भयौं । हाम्रो भविष्यमाथि खेलबाड भयो र जायज माग सम्बोधन गरेर परीक्षा चलाउनुपर्‍यो,' ढकालले भने ।

आन्दोलनरत प्राध्यापकको माग भेटनरी अध्ययनलाई पनि कृषिसरह मान्यता दिएर विश्वविद्यालयका पदाधिकारी र विशेष समितिमा नियुक्ति गरिनुपर्ने छ । आन्दोलनमा उत्रिएका प्राध्यापक १७ जना छन् । गत माघ ९ गतेदेखि उनीहरूले पेन डाउन थालेका हुन् । क्याम्पसस्थित भेटनरी शिक्षण अस्पतालका निर्देशक तथा प्राध्यापक डा. नारायण न्यौपानेले १० वर्षदेखि डीन, सहायक डीन, विशेष समितिलगायतमा भेटनरी क्षेत्रका प्राध्यापक र विज्ञ समेटिनुपर्ने माग राख्दै आए पनि सुनुवाइ नभएपछि आन्दोलित भएको बताए ।

'हामीले जायज माग राख्दा पनि सम्बोधन गर्न डीन कार्यालय कहिल्यै गम्भीर भएन, जसका कारण परीक्षा रोकिनेजस्तो गम्भीर परिस्थिति उत्पन्न भयो,' उनले प्रभावसँग भने । उनले गत साउनमा डीन किशोर दाहालसमक्ष बुँदागत रूपमा माग राखे पनि अहिलेसम्म पूरा गर्नेतर्फ कुनै पहल नगरिएको भन्दै आक्रोश पोखे ।

उनका अनुसार अध्ययन संस्थानका तीन जना डीनमध्ये एक जना भेटनरीतर्फबाट नियुक्त हुनुपर्ने, संस्थानमा गठन हुने विशेष समितिमा भेटनरी शिक्षक हुनुपर्ने, असम्बन्धित व्यक्तिमार्फत उत्तर पुस्तिका जाँच गराउनुको साटो सम्बन्धित विज्ञलाई जिम्मेवारी दिनुपर्ने, क्याम्पसमा रहेको भेटनरी अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गरिनुपर्ने र छुट्टै भेटनरी क्याम्पस सञ्चालन गरिनुपर्ने लगायत माग छन् ।

क्रमशः पृष्ठ २ मा

ऊर्जामन्त्रालयको प्रश्न, कुलमानको जवाफ

# लोडसेडिङको जोखिम अन्त्यको सम्झौतामा उल्टै कारवाहीको प्रयास ?

- ऊर्जामन्त्री दीपक खड्का र ऊर्जा सचिव सुरेश आचार्य भारत भ्रमणमा रहेकोबेला दुवै जनासँग छलफल गरी नयाँ दर तय गर्ने विषयमा म्यान्डेट लिइएको थियो
- २०८१ भदौ र असोज महिनाको भ्रमण गर्दा मन्त्रीज्यूबाट भ्रमण आदेश स्वीकृत भएको तर त्यसपछिका दिनहरूमा पूर्व जानकारी गराई भ्रमणमा गई फर्केकोमा उक्त अवधिको भ्रमण आदेश स्वीकृतिको लागि विधिवत पेश भएकोमा हालसम्म पूर्व अभ्यास बमोजिम निकासा दिइएको छैन

■ प्रभाव संवाददाता





**काठमाडौं–** नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भारतबाट आयात गरिने विद्युतको शुल्क वृद्धि ऊर्जामन्त्री दीपक खड्काकै 'म्यान्डेट'अनुसार भएको बताएका छन् । ऊर्जामन्त्रालयले बुधबार सोधेको २४ घण्टे स्पष्टीकरणको जवाफ लेख्दै बिहीबार घिसिङले यस्तो दाबी गरेका हुन् ।

यस सन्दर्भमा ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यको समेत सहमति रहेको घिसिङले तर्क गरेका छन् । 'ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्का र सचिव सुरेश आचार्य सोही समयमा भारत भ्रमणमा रहेको बेला दुवै जनासँग छलफल गरी नयाँ दर तय गर्ने विषयमा म्यान्डेट लिइएको थियो,' घिसिङले ऊर्जा मन्त्रालयमा बुझाएको पत्रमा भनिएको छ ।

सोमबारको मन्त्रिपरिषद्बाट कुलमानलाई हटाउन नसकेपछि ऊर्जामन्त्री खड्काले 'नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदबाट किन नहटाउने ?' भन्दै उनीविरुद्ध स्पष्टीकरण सोधेका थिए । सरकारको सहमतिबिना भारतबाट आयात गरेको विद्युतमा महसुल वृद्धि गरेको आरोप कुलमानलाई लगाइएको थियो ।

यसैगरी मन्त्री खड्काले आफू मन्त्री भएपछि कुलमानको विदेश भ्रमणको विवरणसमेत माग गरेका थिए । यो अवधिमा कुलमानले १४ पटक स्वदेश र २ पटक भारत भ्रमण गरेको उल्लेख गरेका छन् । यद्यपि असोजसम्म आफ्नो भ्रमण आदेश मन्त्रीले स्विकृत गरेको र त्यसपछि भने स्विकृती नभएको कुलमानले स्पष्टीकरणमा भनेका छन् । '२०८१ साल भाद्र र असोज महिनाको भ्रमण गर्दाको हकमा माननीय मन्त्रीज्यूबाट भ्रमण आदेश स्वीकृत भएको तर त्यसपछिका दिनहरूमा पूर्व जानकारी गराई भ्रमणमा गई फर्केकोमा सो अवधिको भ्रमण आदेश स्वीकृतिको लागि विधिवत पेश भएकोमा हालसम्म पूर्व अभ्यास बमोजिम निकासा दिईएको छैन । यसबाट मलाई स्पष्टीकरण सोध्नकै लागि उक्त भ्रमण आदेश स्वीकृत नगरिएको प्रस्तुत स्पष्टीकरणबाट प्रकट भएको छ,' उनले भनेका छन् ।

यसअघि ऊर्जा मन्त्रालयले कुलमानलाई पुस २२ गते ९ बुँदे स्पष्टीकरण सोधेकोमा पुस २८ गते स्पष्टीकरण बुझाएका थिए । उक्त स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै मन्त्रालयले कुलमानसँग कार्यसम्पादन सम्झौता गरेको थियो । यसबारेमा भने कुलमानले के कुरामा चित्त नबुझेको प्रष्ट नभएको उल्लेख गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

## ऊर्जामन्त्रीविरुद्ध प्रदर्शन



ऊर्जामन्त्री खड्काले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई पटकपटक स्पष्टीकरण सोधेकोविरुद्धमा नागरिकले स्वतस्फुर्त विरोध प्रदर्शन गरेको छ । मन्त्री खड्काले घिसिङलाई पदबाट हटाउन बुधबार फेरि स्पष्टीकरण सोधेपछि बिहीबार नागरिकले काठमाडौंस्थित माइतीघर मण्डलामा खबरदारी कार्यक्रम गरेका हुन् ।

प्रदर्शनमा सहभागीहरूले 'देशलाई अन्धकारमा धकेल्ने सरकार चाहिँदैन,' 'कुलमान हटाउन पाइँदैन', 'स्काउटको जग्गाको भाडा तुरुन्त तिर'लगायतका नारा लगाएका छन् । त्यसैगरी उनीहरूले ऊर्जामन्त्री खड्काको राजीनामासमेत मागेका छन् ।

सन्दर्भः वैदेशिक रोजगार

# छ महिनामा ४८ हजार महिला रोजगारीका लागि विदेसिए

## महिलाहरूको प्रमुख रोजगार गन्तव्य खाडी मुलुक, युएई पहिलो स्थानमा

■ ममता थापा



**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनामा करिब ४८ हजार महिला वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका छन् । उनीहरू वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर ५५ भन्दा बढी मुलुकमा पुगेको तथ्यांक छ ।

विभागको तथ्यांकअनुसार यस अवधिमा ४७ हजार ६५६ जना महिला श्रमिक कामको खोजीमा विदेसिएका हुन् । उनीहरूको प्रमुख श्रम गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको देखिन्छ । चालु आर्थिक वर्षको पहिलो महिना साउनमा आठ हजार १४५, भदौमा छ हजार ७२३, असोजमा छ हजार ८२, कात्तिकमा आठ हजार १००, मंसिरमा आठ हजार ७७१, पुसमा सात हजार १०५ जना महिला रोजगारीका लागि विभिन्न मुलुक गएको तथ्यांक विभागले उपलब्ध गराएको छ । पछिल्लो महिना माघमा आठ हजार १३० जना महिला श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका विभागले जनाएको छ ।

### माघमा विदेसिएकामध्ये ११ प्रतिशत महिला

विभागकाअनुसार गएको माघ महिना वैदेशिक रोजगारीमा गएका कूल श्रमिक संख्याको ११.२३ प्रतिशत महिला रहेका छन् । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो । उक्त महिना रोजगारीका लागि विदेसिने पुरुष १०३ वटा मुलुकमा गएको तथ्यांक छ । महिला भने ५५ वटा मुलुकमा पुगेका छन् । विभागको तथ्यांकअनुसार महिलाहरूको प्रमुख श्रम गन्तव्य पनि खाडी राष्ट्र नै बनेको छ । माघमा सबैभन्दा बढी महिला श्रमिक संयुक्त अरब इमिरेट्स (युएई) गएका छन् । जहाँ दुई हजार ९४० महिला गएको तथ्यांक छ । जसमध्ये एक हजार ९६९ नयाँ श्रम स्वीकृति लिएर तथा बाँकी पुनः श्रम स्वीकृति लिएर गएका हुन् ।

धेरै महिला श्रमिक गएका मुलुकमध्ये दोस्रोमा कुवेत छ । माघमा कुवेतमा एक हजार ३२८ महिला गएका छन् । यो संख्या युएईको तुलनामा आधाभन्दा कम हो । कुवेतमा नयाँ श्रम स्वीकृति लिएर जानेहरूको संख्या ९६८ जना रहेका छन् । त्यसैगरी तेस्रोमा रहेको कतारमा ९३५ जना महिला गएका छन् । चौथोमा परेको साइप्रसमा ५६६, जापानमा ५५१, माल्दिभ्समा ३१४, रोमानियामा १८९, ओमानमा १७६, क्रोएसियामा १६८ तथा माल्टामा १४५ जना महिला रोजगारीका लागि गएका छन् ।

साथै, बहराइन र मलेसियामा क्रमशः १२९ र ११६ जना गएका छन् । बाँकी मुलुकमा जाने महिलाहरूको संख्या १०० भन्दा कम छ । त्यस्तै १५ वटा देशमा एक जनाभन्दा बढी र १० जनाभन्दा कम महिला गएका छन् । उक्त एक महिनामा चेक रिपब्लिक, कम्बोडिया, सेसेल्स रिपब्लिक, मोरक्को, ग्रीस, लिथुआनिया, फ्रान्स, फिनल्याण्ड, चिली, केन्या, नेडरल्यान्ड्स र पलाउ गरी १२ वटा मुलुकमा एक-एक जनामात्र महिला रोजगारीमा गएका छन् । माघ महिनामा जिटुजी प्रणालीमार्फत दक्षिण कोरियामा मात्र ५७ महिला श्रमिक गएका छन्, जुन उक्त महिना कोरियामा गएका श्रमिकमध्ये ०.७० प्रतिशत हो ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं





गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. काठमाडौं, सिफल, काठमाडौं

# वन डढेलोः धेरै घटना तराईमा, क्षति पहाडमा

■ भीष्मराज ओझा

**काठमाडौं–** भौगोलिक हिसाबले मुलुकका सबै क्षेत्रमा वन डढेलोका घटना हुने गरेका छन् । संख्यात्मकरूपमा तराईमा छोटो अवधिमा यस्ता घटना धेरै हुने गरेका छन् । चुरे क्षेत्र यसबाट बढी प्रभावित छ ।

वन तथा वातावरण मन्त्रालयको तथ्यांकअनुसार मध्य पहाडमा आगो बस्तीमा प्रवेश, जनधनको क्षति र क्षेत्रफलका हिसाबले सबैभन्दा बढी डढेलोका घटना हुने गरेका छन् । प्रतिवर्ष तीन हजारभन्दा बढी डढेलोका घटना हुने गरेका र प्रतिघटनामा सरदर छ हेक्टर वन क्षेत्र प्रभावित भएको पाइएको छ । नेपालमा ६५ प्रतिशत वन डढेलो अप्रिल महिनामा लाग्ने गरेको छ ।

डढेलोका अन्तरनिहीत कारणमा वन व्यवस्थापन हुन नसक्नु, वनमा ज्वलनशील पदार्थ अधिक जम्मा हुनु, खेतीयोग्य जमिन बाँझो रहनु, लापरवाही, अञ्जान वा नियतवश आगो लगाउनु, चोरी सिकारलगायत रहेका छन् । ज्वलनशील पदार्थको व्यवस्थापन नै सबैभन्दा चुनौतीका रूपमा रहेको जानकारहरू बताउँछन् । मानवीय कारणबाट ९६ प्रतिशत डढेलो लाग्ने गरेको र झण्डै ७० प्रतिशत डढेलो लापरबाही वा अञ्जानले हुने भएकाले यसलाई रोक्न सकिने विज्ञको सुझाव छ ।

वन डढेलोविज्ञ सुन्दर शर्मा डढेलो नियन्त्रणका लागि कार्यदल बनाएर कार्ययोजना कार्यान्वयन गर्न सकेमात्र प्रभावकारी हुने बताउँछन् । उनी भन्छन्, 'छरिएर रहेका योजना, बजेट र जनशक्तिलाई एकत्रित गरी आवश्यक उपकरणका साथ जनशक्तिको क्षमता अभिवृद्धि गर्न सके परिणाममुखी हुन्छ ।' व्यवस्थितरूपमा नियन्त्रित डढेलो लगाएर यसको जोखिम कम गर्नुपर्ने, नियन्त्रणका लागि अग्निरेखा बनाउनुपर्ने, समुदायस्तरमा पूर्वतयारी र रोकथामका उपायबारे जनचेतना जगाउनुपर्ने शर्माको भनाइ छ ।

सन् २०२४ को तथ्यांकअनुसार नेपालभर पाँच हजार १३६ स्थानमा वन डढेलोका घटना भएका थिए भने ७४ जिल्ला प्रभावित भएका थिए । त्यसमध्ये सबैभन्दा धेरै सुर्खेतमा ३२८, सल्यानमा २८१, दाङमा २७६, कैलालीमा २५६, चितवनमा २५०, बर्दियामा २२६, डोटीमा २०७, डडेलधुरामा १८५, पर्सा १७३ र बाँके १६५ डढेलोका घटना भएका थिए । यस्तै, विगत १० वर्षको तथ्यांक हेर्ने हो भने सबैभन्दा धेरै सन् २०१६ मा छ हजार २३४, सन् २०२१ मा छ हजार ५३७ र २०२४ मा पाँच हजार १३६ डढेलोका घटना भए ।

मन्त्रालयको वन तथा जलाधार महाशाखा प्रमुख सहसचिव दीपक ज्ञवालीका अनुसार यो वर्ष पनि लामो हिउँदे खडेरीका कारण वन डढेलोको जोखिम बढेको छ । गत महिना काभ्रे र ललितपुर तथा लाङटाङ राष्ट्रिय निकुञ्जमा देखिएका वन डढेलोका घटनाले थप सजकता अपनाउनुपर्ने देखिएको उनको भनाइ छ । नेपालमा भौगोलिक धरातल र सुरक्षा, उपयुक्त उपकरणको अभाव, डढेलो नियन्त्रणमा महँगो र अधिक स्रोत आवश्यक पर्ने, सीमित परम्परागत तालिम प्राप्त जनशक्ति, उत्प्रेरणाको कमीलगायत चुनौती रहेको सहसचिव ज्ञवाली बताउँछन् । 'वनमा सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ निजी क्षेत्रलाई जिम्मेवारी दिएर भए पनि औद्योगिक कच्चापदार्थका रूपमा प्रयोग गर्न सके केही मात्रामा भए पनि डढेलोको जोखिम कम हुन्छ,' उनी भन्छन् ।

**सुकेका झिजामिजा र पत्कर डढेलोका कारक**

पहाडी क्षेत्रमा आवश्यक जनशक्तिको अभावमा खेतबारी बाँझो हुने क्रम बढिरहेको छ । साथै वन्यजन्तुले खेतबारीमा गर्ने क्षतिका कारण कृषकहरू पलायन हुन थालेका छन् । कृषकले वस्तुभाउसमेत पाल्न छाडेका कारण वनजंगलका स्रोतको संकलन र प्रयोगमा निकै कमी आएको छ ।

जंगलभित्र सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ जम्मा हुँदै जाँदा सुख्खा मौसममा डढेलोका लागि स्रोत भएर बसेका छन् । सरोकार भएकाहरूले त्यस्ता पदार्थको समयमै व्यवस्थापन र सदुपयोग गर्न नसके डढेलो भयावह हुने भन्दै चिन्ता व्यक्त गरेका छन् । समयमै वन व्यवस्थापन गरी काठ-दाउरा संकलनलाई थप प्रभावकारी बनाउन तथा गाउँबस्ती किनारका ज्वलनशील पदार्थ व्यवस्थापन गर्न विज्ञहरूको सुझाव छ ।

नेपाल वन प्राविधिक संघका अध्यक्ष राकेश कर्ण स्थानीय समूहस्तरबाट धुँवा देखिनासाथ डिभिजन वन कार्यालयले सूचना प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्ने बताउँछन् । व्यवस्थित सञ्जाल निर्माण गरेर तत्काल प्रतिकार्य गर्नसक्ने गरी आवश्यक बन्दोबस्त गर्नुपर्ने उनको सुझाव छ । 'डिभिजनस्तरमा जिम्मेवार कर्मचारी एवं सुरक्षा निकायसहित आवश्यक स्रोतसाधन, स्थानीयस्तरमा सब डिभिजनले संयोजन गरेको समूहसहितको सञ्जाल र समूहस्तरमा दस्ताको प्रभावकारी परिचालन गर्न सकेमा प्रभावकारी हुनसक्छ । यसमा सबैले लाग्नुपर्छ,' अध्यक्ष कर्ण भन्छन् ।

सरकारले डढेलो नियन्त्रणका लागि वार्षिक बजेट, वन नीति, वन ऐन, वन नियमावली, वन डढेलो व्यवस्थापन रणनीति, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण नियमावलीलगायत कानुनी र नीतिगत व्यवस्था गरेको छ ।

मन्त्रालयका सचिव डा. दीपककुमार खराल जलवायुको असरले डढेलो बढाएको र डढेलोका कारण जलवायुका असर बढेको बताउँछन् । डढेलोले जैविक विविधताको ह्रास हुने गरेको र वायु प्रदूषण पनि हुने गरेकाले यसको नियन्त्रणमा सबै संवेदनशील हुनुपर्ने उनको आग्रह छ । यसमा छरिएका नीति, कानुन र निकायलाई एकीकृत गरेर परिचालन गरिने उल्लेख गर्दै सचिव डा. खरालले भन्छन्, 'डढेलो नियन्त्रणमा काम गर्न सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित हुनेगरी कार्यदल गठन गरेका छौं । छिट्टै सरकारी तथा वैदेशिक सहायतामा वन डढेलो नियन्त्रणसम्बन्धी परियोजना पनि सञ्चालन गर्ने तयारीमा गर्ने छौं ।'

सरकारले यस क्षेत्रका लागि सबै प्रकारका विपद्मा राष्ट्रिय 'फोकल' संस्थाका रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरेको छ । सुरक्षा निकायमा महाशाखा र तालिम प्राप्त जनशक्ति छन् । वन मन्त्रालय वन डढेलोसँग सम्बन्धित राष्ट्रिय फोकल संस्थाका रूपमा रहेको छ । वन तथा भू-संरक्षण विभागमा वन डढेलो सूचना कक्ष सञ्चालनमा छ । स्थानीय तहमा विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यवस्थापन महाशाखासमेत स्थापना गरिएका छन् । फागुनदेखि जेठमा वन डढेलो रोकथाम र नियन्त्रण विशेष कार्यक्रम सञ्चालन गर्न यी सबै निकायको एकीकृत प्रयास आवश्यक रहेको विज्ञरूको राय छ । *रासस*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६९/१२/०९ मा दर्ता भएको प्रा.लि.नं. ११०८५० **को एन.सी.एस. सप्लायर्स प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६८/१०/१५ मा दर्ता भएको प्रा.लि.नं. ९०१२२ को **एन.सि.एस.एफ.एम. प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## सूचना !

दोस्रोपटक प्रकाशित मितिः २०८१/११/१६

सूचना तथा प्रसारण विभागमा दर्ता नं. ३३५३-२०७८/७९, मिति २०७९/०१/१९ मा दर्ता रहेको गाउँबेसी नेटवर्क प्रालिद्वारा सञ्चालित www.nepalpurbadhar.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१/१२/१ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-३२ काठमाडौंमा, सञ्चालकको मोवाइल नम्बर ९८४७६९१८०१ वा Email Adress: brihaspatig3@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

---

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन विर्देशनालय**
**डिभिजन वन कार्यालय, ललितपुर**
**गोदावरी, नेपाल**

## गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/१६ गते

गोदावरी खानेपानी तथा सरसफाई उपभोक्ता समूह गोदावरी न.पा. ३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरू कटान मुछान गरी उत्पादन भएको उत्तिस लगायत विभिन्न प्रजातिका १०९२.७२ क्यु.फि. गोलिया काठ र २.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

---


## युएइमा रोजगार

कम्पनी : AROUS AL SAHRA LADIES SPA CENTER – BRANCH 1

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319422 | चलानी नं.६०२३३६१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 1 | 1500 | ५७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BEAUTY MAGIC CENTER

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 319423 | चलानी नं.६०२३३६२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 3 | 1500 | ५७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SOVA SPA LADIES SALOON

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319421 | चलानी नं.६०२३३६१६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST | 0 | 4 | 1500 | ५७,००० | | | | | | | |

कम्पनी : LAMSAT HALA SALOON L.L.C SP

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319555 | चलानी नं. ६०२३३६५९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST | 0 | 4 | 1500 | ५७,००० | | | | | | | |
| 3 | MASSEUR | 0 | 2 | 1500 | ५७,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

## युएइमा रोजगार

कम्पनी : ESNAD BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/११/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 300962 | चलानी नं. ६०२१३०८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 93 | 1200 | ४५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९९१/०६७/०६८
MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## साउदीमा रोजगार

कम्पनी : RUST VALLEY SERVICE CAR

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 319406 | चलानी नं. ६०२३३५९८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE POLISHING WORKER | 1 | 0 | 1200 | ४४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ देखि २५ गते (7-9 March 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066
ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547, E-mail : asmitainternational2013@gmail.com

## ओमनमा रोजगार

कम्पनी : Clock Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 314677 | चलानी नं.६०२२८९७८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 23 | 0 | 130 | ५८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २५ गते (9th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : Hilal Al Meydan Contracting Co.

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319428 | चलानी नं. ६०२३३५९८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 12 | 0 | 1000 | ३७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging And Wrapping Worker | 9 | 0 | 1000 | ३७,२१० | | | | | | | |
| 3 | Shelf Packer | 10 | 0 | 1000 | ३७,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064
Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## कुवेतमा रोजगार

कम्पनी : FIRST GROUP CO. FOR GEN. TRAD. & CONT.

पूर्व स्वीकृति मिति २०८१/११/१५ | LT. No. 319597 | चलानी नं. ६०२३३६६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | First Group Co. For Gen. Trad. & Cont. | 50 | 0 | 150 | ६७,७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | worker/helper/labour | 350 | 0 | 95 | ४०,६३३ | | | | | | | |

कम्पनी : TAY FOUR GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/११/१५ | LT. No. 319596 | चलानी नं. ६०२३३६६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Engineer (Telecom) | 1 | 0 | 430 | १,९४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 100 | ४५,१५१ | | | | | | | |
| 3 | Telecom Technician | 2 | 0 | 150 | ४०,६३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic.No 1692/081/81
Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com

## युएइमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319451 | चलानी नं. ६०२३३६५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 800 | ३०,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 20 | 0 | 1200 | ४५,५३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## युएइ/कुवेतमा रोजगार

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C., UAE

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319529 | चलानी नं. ६०२३३६६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bulding Worker/Lobour | 200 | 0 | 800 | ३०,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AURA SOL SALON FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319261 | चलानी नं. ६०२३३६४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician / manicurist / Nail Technician | 0 | 5 | 150 | ६७,७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत न ७९७/०६५/०६६
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएइमा रोजगार

कम्पनी : DOME DZ INTERNATIONAL GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319498 | चलानी नं. ६०२३३६३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 50 | 0 | 1200 | ४५,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Worker | 100 | 0 | 800 | ३०,३९९ | | | | | | | |
| 3 | Riggers | 10 | 0 | 1200 | ४५,५३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदीमा रोजगार

कम्पनी : WESTERN JANA CONTRACTING COMAPNY.

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319458 | चलानी नं. ६०२३३६३२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOR | 1 | 0 | 1000 | ३८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २३ गते (7th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Felicity International Employment Agency Pvt.Ltd.
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np



**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**बोलपत्र आवहानको सूचना**

प्रथम पटक प्रकाशित मिति :२०८१/११/१४

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि मिति २०८१/११/१४ गते https://www.bolpatra.gov.np/egp मा ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरु संलग्न राखी रु ३००० (तिन हजार मात्र ) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता न १०६०३००००१००१००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र.स. | बोलपत्र प्रकाशित मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर,कन्टिनजेंसी र PS सहित) | बोलपत्रको किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/११/१४ | २०८१/१२/१५ | 58/KHAMBUTAR/W03/NCB/MECHI/2081/082 | Khambutar jane sadak sttarunnati , Mechinagar -03 | ५६,७३,१०८.१८ | Works NCB | १,६०,०००.०० |
| २. | २०८१/११/१४ | २०८१/१२/१५ | 59/CULVERTSWORKS/W04/ NCB/MECHI/2081/082 | Jagehswor Mandir cheuma tatha wada no 2 ra 4 jodne aaldangi culvert Nirman,Mechinagar-04 | ४६,०४,२०७.०९ | Works NCB | १,३०,०००.०० |

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत



**साउदीमा रोजगार** कम्पनी : RHABT AL-WTN OPERATION & MAINTENANCE EST.
पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319436 | चलानी नं. ६०२३३६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 10 | 0 | 1200 | ४४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २५ गते (9th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०



**युएइमा रोजगार** कम्पनी : Asia Prime General Contracting Co. L.L.C - Dubai Branch
पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319401 | चलानी नं. ६०२३३६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 50 | 0 | 800 | ३०,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २३ गते (7th Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KOPERASI INTERNATIONAL PVT. LTD.**
Govt. License 1287/074/75
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9848172662, Email: Koperasi227@gmail.com

# प्रभाव दैनिक





## फिल्म 'मायावी'को नयाँ गीत सार्वजनिक

बुधबारदेखि रिलिजमा आएको फिल्म 'मायावी'को नयाँ गीत सार्वजनिक भएको छ। फिल्म रिलिजको भोलिपल्ट फिल्मको सबैभन्दा पावरफूल गीत सार्वजनिक गरेको हो। एसडी योगीको स्वर र संगीतमा समावेश यो गीतमा राम अविरल बिष्टको शब्द छ। गीतको भिडियोमा फिल्मका मुख्य तीन कलाकारहरू पल शाह, दीपिका प्रसाँई र नव-नायक समिम खानलाई फिचरिङ गरिएको छ। दिवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्ममा पल शाह, दीपिका प्रसाई, प्रशान्त ताम्राकार, सुशिल सिटौला, करिष्मा श्रेष्ठ, समीम खान, राजाराम पौडेल, अन्शु महर्जन, लक्ष्मी गिरी लगायतका कलाकारहरूको अभिनय छ।




शुक्रबार, १६ फागुन २०८१ (Friday, February 28, 2025)


# सर्वनाममा भोलिदेखि 'इन्टरनेसनल पिपुल्स थिएटर फेस्टिभल', १३ देशको सहभागिता



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको कालिकास्थान स्थित सर्वनाम थिएटरमा भोलि (शनिबार)देखि इन्टरनेशनल पिपुल्स थिएटर फेस्टिभल सुरु हुँदैछ।

इन्टरनेशनल पिपुल्स थिएटर फेस्टिभल सोसाइटी र सर्वनाम थिएटरको सहकार्यमा आयोजना हुने फेस्टिभल ५ दिनसम्म सञ्चालन हुनेछ। महोत्सवमा जापान, भारत, चीन, थाईल्याण्ड, बंगलादेश, हङकङ, कोरिया, फ्रान्स, बेलायत, ताइवान, फिलिपिन्स, सिङ्गापुर, नेपाल सहित १३ देशका विभिन्न सहरका २ सय बढी रंगकर्मी तथा कलाकारहरूको सहभागिता रहनेछ। "शान्तिको लागि थिएटर, संस्कृतिहरूको आदानप्रदान र दिगो भविष्य संरक्षण" मूल नारा रहेको महोत्सवमा विभिन्न सहरका २ दर्जनबढी नाटकहरू प्रदर्शन हुनेछन्। नाटक तथा कला प्रदर्शनीसँगै दैनिक ३ ओटा गरि १३ ओटा नाट्यप्रशिक्षण तथा कार्यशालाहरू पनि सञ्चालन हुनेछन्। प्रत्येक कार्यशाला फरक फरक देशका रंगकर्मीहरूले गराउनेछन्।

पहिलो दिन बंगलादेशी निर्देशक तथा कलाकार शमिमा शकेत, दोस्रो दिन बेलायती नाट्य निर्देशक तथा कलाकार इन्डी लि, जापानी नाट्य निर्देशक नात्सुको किरितानी तथा हङकङका कलाकार समुहद्वारा कार्यशालाहरू सञ्चालन हुनेछन्। तेस्रो दिन फ्रान्सेली नाट्य निर्देशक मेक्सिम सिसड, दक्षिण कोरियाली समूह नमोदक मुभमेन्ट ल्याब तथा ताईवानी थिएटरहरू असाइनमेन्ट र स्पेश थिएटर तथा चौथो दिन नेपाली नाट्य निर्देशक अशेष मल्ल, भारतीय प्रशिक्षक समूह नाट्य चेतना र फिलिपिनी प्रशिक्षण समूह फिलिपिन एजुकेसनल थिएटर समूह (पेटा) को कार्यशाला रहनेछ। अन्तिम दिन सिङ्गापुरका प्रशिक्षक कोक हेङ लियुन, थाइल्यान्डको प्रशिक्षण समुह अनट्टा थिएर ट्रुप र चिनियाँ ग्रास स्टेज थिएटर प्रशिक्षण समुहले नाट्य प्रशिक्षण तथा कार्यशाला प्रस्तुत गर्नेछन्। सबै कार्यशालाको समयावधि ३ घण्टाको रहनेछ र कार्यशालामा सहभागी हुनको लागि ५०० टिकटदर तोकिएको छ।

हङकङका मोक च्यू अगष्टाइन, सर्वनाम थिएटरका निर्देशक अशेष मल्ल तथा विश्वमा मानवअधिकार, समानताका लागि समर्पित रंगकर्मीहरूको सहकार्यमा यो महोत्सव आयोजना गरिएको हो। विश्वमा प्रजातन्त्र र लोकतन्त्रका लागि आवाज उठाउदैं आएको रंगकर्मीको समूह र नेपाल जस्तो पवित्र भूमिमा महोत्सव आयोजना गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको महोत्सवका सहअध्यक्ष मोक च्यूले बताए। सयौं रंगकर्मीको जमघटले रंगकर्मीको सिर्जनाशिलतामा अझै निखार ल्याउने साथै महोत्सवमा हुने वर्कसप तथा छलफल तथा संवादले बैचारिक दृष्टिकोणमा समेत निखार ल्याउन सक्ने उनले बताए।

यो महोत्सवले कुनै पनि देशको प्रतिनिधित्व गर्ने नभई, देशभित्र रहेका मानिसहरूको कला, संस्कृति, रहनसहन, रितिरिवाज, परम्परा, पहिचान आदिको प्रतिनिधित्व गर्ने सर्वनामका निर्देशक तथा महोत्सवका सहअध्यक्ष अशेष मल्ल बताउँछन्। आफूपनि लामो समयसम्म प्रजातन्त्र र लोकतन्त्र प्राप्तिको लागि संर्घष गरिरहेको विगत सुनाउदैं यो महोत्सवमा सबैसँग नाटक तथा संस्कृतिको आदानप्रदान गर्न पाउँदा आफूले अहोभाग्यको रूपमा ठानेको बताए।

यो महोत्सवलाई जनमानसमा पुऱ्याउने हेतुले मार्च ७ देखि ९ सम्म इटहरीको मेट्रिक्समा र १० मा धनकुटामा समेत नाटक मञ्चन तथा सांस्कृतिक भ्रमण समेत हुनेछ। महोत्सवमा फ्रान्सका म्याक्सिम सिसडको अ लिटल बर्ड इन द केज, बेलायतको इन्डी लिको नाटक इट वन्ट बि लङ नाउ, जापानी निर्देशक नात्सुको किरितानीको द ट्रान्स बोर्डर, नेपालबाट नाटककार अशेष मल्लको फेरि अर्को कुरु क्षेत्र, राज शाहको मनोक्रान्ति लगायतका नाटकहरू मञ्चन हुनेछन्।

# 'वरिष्ठ बलराम'को प्रदर्शन मिति घोषणा




**काठमाडौं (प्रस)–** चलचित्र 'वरिष्ठ बलराम'ले रिलिज डेट घोषणा गरेको छ। शिवरात्रीको अवसर पारेर टाइटल टिजर सार्वजनिक गर्दै निर्माणपक्षले रिलिज डेट घोषणा गरेको हो। निर्देशक सुरेन्द्र पौडेलका अनुसार यो चलचित्र तिहारको लक्ष्मी पूजाका दिन कात्तिक ३ गते रिलिज हुनेछ। चलचित्रमा दयाहाङ राई, विजय बराल, पशुपति राई, समृद्धि अर्याल, माओत्से गुरुङलगायत कलाकारको अभिनय रहनेछ।

नेपाली फिल्म उद्योगका कुशल सम्पादक सुरेन्द्र पौडेलको यो चौथो निर्देशकीय चलचित्र हो। आशिस एच तामाङ र श्रीराज कार्की निर्माताका रूपमा रहेका छन्।

निर्देशक पौडेलकै कथा र सम्पादन रहने चलचित्रको पटकथा महेश दवाडीले लेखेका छन्। छायांकन एक सातापछि बाट सुरु गर्ने तयारी गरिएको छ। सामाजिक कथावस्तुमा आधारित 'वरिष्ठ बलराम'को छायांकन तराईका विभिन्न स्थानमा गरिनेछ। सिनेमामा मन कृष्ण महर्जन डिओपी रहने छ। तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको चलचित्रमा प्रशान्त शिवाकोटी संगीत, सम्राट शाक्य एक्सन निर्देशन, प्रदीप लामाको कोरियोग्राफी रहने छ। 'वरिष्ठ बलराम' वृषभ सिद्धी इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुनेछ। चलचित्र सामाजिक कथावस्तु पस्किने चलचित्र सन्देशमूलकसँगै मनोरञ्जनप्रधान हुने निर्माण पक्षले जनाएको छ।

# इलाममा गुन्जँदै कन्दरा

**काठमाडौं (प्रस)–** लोकप्रिय लोकपप ब्याण्ड कन्दरा इलाममा गुन्जिने भएको छ। ग्याल्पो ल्होछारको अवसर पारेर शुक्रबार सूर्योदय नगरपालिका-१२ स्थित करफोक खेलमैदानमा ब्याण्डले प्रस्तुति दिने भएको हो। कन्दराले पहिलो पटक इलाममा प्रस्तुति दिन लागेको छ।

सूर्योदय होटल व्यवसायी संघको आयोजना तथा करफोक युवा परिवारको सहआयोजना रहेको कार्यक्रम स्थानीय पर्यटन प्रवर्द्धनको उद्देश्य रहेको आयोजक संघ अध्यक्ष प्रज्वल प्रधानले बताए।

'कन्दरा आफ्नो स्थापनाको ३२ वर्षे यात्राको सांगीतिक कार्यक्रम लिएर 'पहिला घरदेश अनि परदेश' अन्तर्गत विश्व भ्रमण गरिरहेको छ', प्रधानले भने, 'यसले हाम्रो नगरको प्रचारप्रसारमा पनि सहयोग पुग्नेछ।'

ब्याण्डको ३२ वर्षको इतिहासमा पहिलोपटक पूर्वी नेपालको इलाममा प्रस्तुति दिन लागेकोमा आफूहरू उत्साहित रहेको ब्याण्डका अगुवा तथा मुख्य गायक विवेक श्रेष्ठले बताए।

पछिल्लो समय जुर्मुराएको यो लोकप्रिय ब्याण्ड अहिले 'पहिला घरदेश अनि परदेश' नारासहित देश तथा विदेशको भ्रमणमा छ। पोखरा र काठमाडौंमा ब्याण्डले प्रस्तुति दिइसकेको छ। बेलायतबाट अन्तर्राष्ट्रिय टूर सुरु गरेको ब्याण्डले कतार, युएई र हङकङमा प्रस्तुति दिइसकेको छ। चाँडै अस्ट्रेलिया, युरोप र अमेरिकामा पनि गुन्जिने ब्याण्डको तयारी छ।



### सूर्य नेपाल एनपीजीए टुर

# तोरणको लगातार अग्रता कायमै




■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपमा तोरण विक्रम शाही लगातार शीर्षस्थानमा कायमै रहन सफल भएका छन्। आज २-अन्डर ७० को स्कोर गरेका उनी समग्रमा १३-अन्डर २०३ सहित शीर्षस्थानमा कायमै रहेका हुन्। उनले निरज तामाङलाई १ स्ट्रोकले पछि पारे।

४-अन्डर ६८ सहित समग्रमा १२-अन्डर २०४ को स्कोरमा निरज दोस्रो स्थानमा कायमै छन्। अन्तिम १८ होलको खेल बाकी छँदा उनले अग्रता १ स्ट्रोकमा झार्दै लिडर तोरणलाई दबाब दिए। दुई एमेच्योर गल्फर राहुल विश्वकर्मा र नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य दुवैले आज ६-अन्डर ६६ को सानदार प्रदर्शन गरे। समग्रमा ६-अन्डर २१० सहित संयुक्तरूपमा तेस्रो स्थानमा रहेका छन्। एमेच्योरतर्फ उनीहरूले शीर्षस्थान बाँडे।

समग्रमा ५-अन्डर २११ बनाएका जयराम श्रेष्ठले आज ४-अन्डर ६८ को स्कोर कार्ड तयार पारे। उनी पाँचौ स्थानमा रहे। नेपाल नम्बर एक प्रो भुवन नगरकोटीले ३-अन्डर ६९ को स्कोर निकाले। समग्रमा ४-अन्डर २१२ सहित छैटौं स्थानमा उक्लिए। आज १-अन्डर ७१ को स्कोरमा समग्रमा ३-अन्डर २१३ सहित दिनेश प्रजापति सातौं स्थानमा छन्। सञ्जय लामाले ३-अन्डर ६९ को स्कोर दर्ज गरे। समग्रमा भने २-अन्डर २१४ को स्कोरमा आठौं स्थानमा रहेका छन्। समग्रमा इभन-पार २१६ स्कोर जोडेका रामे मगर र टंक बहादुर कार्कीले नवौं स्थान बाँडे। रामेले २-अन्डर ७० र टंकले २-ओभर ७४ को स्कोर निकाले।

लगातार तेस्रो दिन पनि शीर्षस्थानमा रहने क्रममा तोरणले फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए। उनले छैटौं र सातौं होलमा बर्डी प्रहार गरे। ब्याक नाइनमा ११औं र १२औं होलमा एक-एक सट बचाएपनि १०औं र १५औं होलमा बोगीको सामना गरे। योसँगै ब्याक नाइन इभन-पार ३६ मा सकाए।

निरजले फ्रन्ट नाइन १-ओभर ३७ मा पुरा गर्ने क्रममा पाँचौं र सातौं होलमा बोगी प्रहार गरे। आठौं होलमा एक सट बचाए। तर उनले ब्याक नाइनमा उत्कृष्ट प्रदर्शन गर्दै ५-अन्डर ३१ मा सकाए। उनले १२औं, १५औं र १६औं होलमा बर्डी प्रहार गर्दा ४-पारको १८औं होलमा इगलको सफलता प्राप्त गरे। एमेच्योर राहुलले तेस्रो र सातौं होलमा बर्डी प्रहार गर्दा आठौं होलमा बोगी खेपे। फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाए। ब्याक नाइनमा राहुले सानदार प्रदर्शन गरे। १०औं देखि १२औं होलमा लगातार तीन बर्डी प्रहार गरे। यसपछि १५औं र १६औं होलमा पनि बर्डी प्रहार गर्न सफल रहे। उनले ब्याक नाइन ५-अन्डर ३१ मा सकाए। यो नतिजामस उनी संयुक्तरूपमा तेस्रो स्थानमा उक्लिए।

सदभावले फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए। उनले बोगी रहित फ्रन्ट नाइन खेल्ने क्रममा तेस्रो, पाँचौं, छैटौं र सातौं होलमा बर्डी प्रहार गरे। यसपछि १३औं होलमा बोगी खेपे पनि ११औं, १२औं र १८औं होलको बर्डीले ब्याक नाइन २-अन्डर ३४ मा सकाए।

प्रतियोगिताको कुल नगद पुरस्कार राशी ८ लाख ८२ हजार रूपैयाँ रहेको छ। विजेताले १ लाख ५० हजार, उपविजेताले १ लाख र तेस्रो हुने खेलाडीले ७५ हजार प्राप्त गर्नेछन्। शीर्ष २१ स्थान सम्म प्राप्त गर्ने प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन्।

# गोर्खाली रग्बी सेभेन्स आजदेखि

■ प्रभाव संवाददाता




**चितवन–** गोर्खाली रग्बी सेभेन्स पुरूष राष्ट्रिय रग्बी प्रतियोगिता आज (शुक्रबार) देखि चितवनमा आयोजना हुने भएको छ। गोर्खाली रग्बी क्लबको आयोजना र नेपाल रग्बी संघको प्राविधिक सहयोगमा भरतपुर ७ कृष्णपुरस्थित खेलकुद मैदानमा दुईदिने रग्बी प्रतियोगिता हुने भएको छ।

प्रतियोगिताको आतिथ्यता साझेदार स्थानीय अङ्कुरम् एकेडेमीमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गरेर आयोजकले प्रतियोगिताबारे जानकारी गराइएको हो। आयोजकका अनुसार २०७४ सालदेखि संघले आयोजना गरेको विभिन्न राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्दै आए पनि यसपटक भने आफै प्रतियोगिता सञ्चालन गर्न लागेको क्लवका अध्यक्ष हरेराम कार्कीले जानकारी दिए।

चितवनमा दोस्रोपटक आयोजना गरिएको यस प्रतियोगितामा प्रथम हुने समूहलाई दुई लाख, दोस्रो हुने समूहलाई एक लाख रूपैयाँ र सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी र इटालियन सुट प्रदान गरिने रग्बी संघ चितवनका अध्यक्ष सुमन पौडेलले जानकारी दिए।

प्रतियोगितामा कर्णाली प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, मधेस प्रदेश तथा आयोजक क्लबको एक-एक समूह र नेपाल आर्मी र सशस्त्र प्रहरीको एक/एक गरी जम्मा सातवटा समूहको सहभागिता रहेको छ। प्रतियोगिताको उद्घाटन भरतपुर महानगरका नगरप्रमुख रेनु दाहालले गर्ने कार्यक्रम तय भएको आयोजकले जानकारी दिएको छ।

सहभागी हरेक टोलीले पाँच जनासम्म विदेशी खेलाडी राख्न पाउने प्रावधान राखिए पनि यस प्रतियोगितामा कर्णाली प्रदेशको समूहमा तीन जना र आयोजक समूहमा दुई जना विदेशी खेलाडी सहभागी रहने जानकारी दिइएको छ। क्लबले 'खेलसँगै पर्यटन'को अवधारणाअनुसार आगामी वर्ष विदेशी टिमसहितको प्रतियोगिता गर्ने तयारी गरेको र यसवर्षको प्रतियोगिता पनि विश्व रग्बीको नियमअनुसार नै सञ्चालन गरिने बताएको छ।

प्रत्येक खेलको समयावधि १४ मिनेटको रहने तथा ७ मिनेटमा हाफ भएपछि दुई मिनेटको ब्रेक हुने गोर्खाली रग्बी क्लबका उपाध्यक्ष कृष्ण थापाले जानकारी दिए। उनले एउटा समूहमा १२ जना रहने भए पनि प्रत्येक टिमबाट सात/सात जना खेलाडीले स्पर्धा गर्ने उल्लेख गरे। खेल तालिकाअनुसार पोल 'ए' मा सशस्त्र प्रहरी बलको एपीएफ टोली, नेपाल आर्मीको टोली, मधेश प्रदेश र लुम्बिनी प्रदेश रहेका छन् भने पोल 'बी'मा गण्डकी प्रदेश, आयोजक गोर्खाली रग्बी क्लब र कर्णाली प्रदेश रहेका छन्।

प्रतियोगिताको हस्पिटालिटी पार्टनर अङ्कुरम् एकेडेमी, मेडिकल पार्टनर चितवन मेडिकल कलेज, ट्राभल पार्टनर होलीडे ट्रिप नेपाल, क्लोथिङ पार्टनर थ्रेड गार्मेन्ट इमाडोल र इन्टरनेट पार्टनरमा ट्रेड माइन्ड नेटवर्क चितवन रहेको छ।

त्यसैगरी सहयोगी संस्थाहरूमा एलआइसी कर्पोरेसन (नेपाल), राइट पाथ करियर काउन्सलिङ्ग काठमाडौं, एसिटी एजुकेशन एण्ड भिसाा सर्भिसे चितवन, एभिन्यु एजुकेशन कन्सल्टेन्सी काठमाडौं तथा माइती रिसोर्ट कीर्तिपुर रहेको छ।

# रुस र अमेरिकी कूटनीतिज्ञबीच इस्तानबुलमा भेटवार्ता



**मस्को–** रुसी र अमेरिकी अधिकारीहरूबीच बिहीबार इस्तानबुलमा भेटवार्ता भएको छ। दुई देशबीचको सम्बन्ध पुनर्स्थापना गर्ने उद्देश्यका साथ दूतावासको समस्या समाधानका लागि वार्ता भएको रूसी सञ्चारमाध्यमले जनाएका छन्।

युक्रेनमा रूसी आक्रमण सुरु भएयता दुई आणविक शक्ति सम्पन्न मुलुक रूस र अमेरिकाबीच यसै महिना भएको पहिलो उच्चस्तरीय बैठकपछि अमेरिकी महावाणिज्यदूतको निवासमा वार्ता हुन लागेको हो। वार्तामा दुवै पक्षको कूटनीतिज्ञको सहभागिता भएको बताइए पनि सहभागीको परिचय दिइएको छैन। रुसको सरकारी तास एजेन्सीले रुसी प्रतिनिधिमण्डलमा ‘विदेश मन्त्रालयका प्रतिनिधि’ रहेको जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत महिना सत्तामा आएदेखि नै मस्कोसँगको सम्बन्धलाई पुनर्स्थापित गर्ने प्रयास गरेका छन्। उनले रूसी समकक्षी भ्लादिमिर पुटिनलगायत क्रेमलिनका अधिकारीहरूसँग तीन वर्षमा पहिलोपटक उच्चस्तरीय वार्ता सुरु गर्ने पहल थालेका हुन्।

रुसी विदेशमन्त्री सर्गेई लाभरोभ र अमेरिकी विदेशमन्त्री मार्को रुबियोबीच फेब्रुअरी १८ मा साउदी अरबको राजधानी रियादमा भेटवार्ता भएको थियो। मस्कोले तीन वर्षअघि आफ्नो छिमेकीमाथि गरेको सैन्य आक्रमणको निन्दा हुन नदिन संयुक्त राष्ट्रसंघमा सोमबार भएको मतदानमा संयुक्त राज्य अमेरिकाले दुईपटक रुसको पक्ष लिएको थियो।

इस्तानबुलमा भएको वार्ताको उद्देश्य पूर्वअमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनका क्रममा दूतावासका कर्मचारीलाई एकअर्काबाट निष्कासन गरेपछि आफ्ना कूटनीतिक नियोगको कामलाई सामान्य बनाउने हो। नेटो सदस्य टर्कीले युक्रेनमा शत्रुता अन्त्य गर्न वार्तामा भूमिका खेल्न चाहेको छ र टर्कीले सन् २०२२ मार्चमा मस्को र किएभबीच दुईपटक प्रत्यक्ष वार्ताको आयोजना गरेको थियो। *रासस/एएफपी*

# युद्धविरामको अर्को चरणका लागि वार्ता सुरू गर्न हमासको इजरायलसँग आग्रह

**गाजा सिटी–** हमासले इजरायलसँग गाजा युद्धविरामको अर्को चरणका लागि वार्तामा प्रवेश गर्न बिहीबार आह्वान गरेको छ। जनवरी १९ मा लागू भएको र गाजामा युद्ध धेरै हदसम्म रोक्न सफल पहिलो चरणको सहमतिअन्तर्गत बुधबार राति र बिहीबार बिहान गरिएको इजरायली मृत बन्धक र प्यालेस्टिनी बन्दीको अदलाबदलीपछि हमासले युत्रविरामको दोस्रो चरणमा प्रवेश गर्न माग गरेको हो।

सम्झौताको पहिलो चरणअन्तर्गत हमासले २५ जना जीवित बन्धकलाई मुक्त गरेको छ भने अन्य आठ जनाको शव इजरायललाई फिर्ता गरेको छ। यसको बदलामा इजरायलले महिला र नाबालिकसहित करिब एक हजार ९०० प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने सहमति भएको थियो।

प्यालेस्टाइनी प्रिजनर्स क्लब एड्भोकेसी ग्रुपका अनुसार बुधबार राति फिर्ता गरिएका चार बन्धकको अवशेषको बदलामा इजरायलले बिहीबार ५९६ जना प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ भने युद्ध सुरु भएपछि पक्राउ परेका गाजाका सबै महिला र नाबालिक गरी ४६ जना कैदीलाई रिहा गर्न बाँकी रहेको बताइएको छ।

बिहीबार बिहान सयौं कैदीहरूलाई रिहा गरिएको गाजा र वेस्ट बैंकमा उपलब्ध एएफपीका सञ्चारकर्मीले जनाएका छन्। इजिप्टको राज्यसम्बद्ध अल-काहेरा न्युजले इजरायली अधिकारीहरूले फिर्ता गर्नका लागि तोकिएकामध्ये ९७ जना गाजाको राफा सीमा पार गर्ने इजिप्टतर्फ आइपुगेको बताइएको छ।

युद्धको स्थायी अन्त्यका लागि तय गरिएको सम्झौताको दोस्रो चरणका लागि वार्ता अझै सुरु हुन सकेको छैन। ‘हामीले दुश्मनको झूठो औचित्यको अगाडिको बाटो सफा गरेका छौं र दोस्रो चरणका लागि वार्ता सुरु गर्नुबाहेक उसको कुनै विकल्प छैन,’ हमासले टेलिग्राममा भनेको छ।

बिहीबार रिहा भएका प्यालेस्टाइनी कैदीहरूलाई सप्ताहन्तमा रिहा गर्ने भनिएको थियो, तर सन् २०२३ अक्टोबर ७ मा भएको आकस्मिक र अकल्पनीय आक्रमणमा कब्जामा लिएका बन्धकहरूलाई सुपुर्दगी गर्न हमासले आयोजना गर्दै आएको भव्य समारोहलाई लिएर आक्रोश भएपछि इजरायलले यो प्रक्रिया रोकेको थियो।

यसअघि हमासले चारै जना इजरायली शवलाई गोप्य रूपमा फिर्ता गरिने बताएको थियो। कफिन हस्तान्तरण गरिएको केही घण्टापछि गाजाबाट बन्धक बनाइएका सबैलाई रिहा गर्नुपर्ने पक्षमा वकालत गर्ने इजरायली समूहले बिहीबार हमासले फिर्ता गरेका चार शवको पहिचान ‘गहिरो दुःखका साथ’ पुष्टि गरेको छ।

ओहाद याहलोमी, साची इदान, इट्जिक एल्गाराट र श्लोमो मन्सुरलाई अन्ततः इजरायलमा ल्याइएको र आवश्यक प्रक्रियापछि अन्त्येष्टिका लागि परिवारलाई जिम्मा लगाइने बन्धक तथा बेपत्ता परिवार मञ्चले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### “वार्ता सुरु हुन्छ”

वासिङ्टनमा मध्यपूर्वका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका उच्च दूतले इजरायली प्रतिनिधि युद्धविरामको अर्को चरणका लागि वार्ताका लागि तयार रहेको बताएका छन्। ‘हामीले धेरै प्रगति गरिरहेका छौं। इजरायलले अहिले एउटा टोली पठाउँदै छ,’ स्टिभ विटकोफले अमेरिकी यहूदी समितिका लागि आयोजित एक कार्यक्रममा भने।

यो दोहा वा कायरोमा हुने छ र इजिप्ट र कतारका अधिकारीहरूसँग फेरि वार्ता सुरु हुने छ। दोस्रो चरणको वार्ताको बारेमा विटकोफको टिप्पणीबारे इजरायलले प्रतिक्रिया दिइसकेको छैन। लडाकुहरूले अझै पनि कब्जामा राखेका दर्जनौं बन्धकहरूको रिहाई पनि गर्नुपर्ने छ। युद्धविरामका बावजुद गाजामा छिटपुट हिंसाका घटना भने भएका छन्। इजरायली सेनाले बुधबार त्यहाँबाट क्षेप्यास्त्र प्रहार भएपछि विभिन्न प्रक्षेपणस्थलमा हवाई आक्रमण गरेको जनाएको छ। *रासस/एएफपी*

# अस्ट्रियामा कन्जर्भेटिभ नेतृत्वको गठबन्धन सरकार बन्ने



**भियना–** अस्ट्रियाको कन्जरभेटिभ पिपुल्स पार्टी (ओइभिपी) ले बिहीबार दुई मध्यमार्गी दलसँग मिलेर सरकारको गठबन्धनको घोषणा गरेको छ। फ्रिडम पार्टी (एफपिओई) ले चुनावमा २९ प्रतिशतको हाराहारीमा विजय हासिल गरेपछि महिनौं लामो वार्तालाई यो सम्झौताले टुंगोमा पुऱ्याएको छ।

अस्ट्रियाको पहिलो अति दक्षिणपन्थी नेतृत्वको सरकारबारे एफपिओई र ओइभिपीबीच भएको वार्ता यसै महिना टुटेको थियो। गत जनवरीमा सरकार गठनको पहिलो प्रयास असफल भएपछि ओइभिपी, सोसल डेमोक्रयाट्स (एसपिओई) र उदारवादीहरूले पुनः गठबन्धन वार्ता सुरु गरेका थिए।

ओइभिपीका नेता क्रिश्चियन स्टकरले एसपिओई र उदारवादीहरूसँग ‘साझा कार्यक्रम’ सहमति भएको र बिहीबार प्रस्तुत गरिने बताए। ‘पछिल्ला दिनहरूमा साझा कार्यक्रमका लागि दिनरात काम भइरहेको छ,’ पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

देशको आधुनिक इतिहासमा सबैभन्दा लामो समयसम्म सरकार नभएको अवस्थामा राष्ट्रपति अलेक्जेन्डर भान डेर बेलेनले पार्टीका नेताहरूलाई छिटो सम्झौता गर्न आह्वान गरेका थिए। करिब ९० लाख जनसंख्या भएको देशमा सन् १९८७ देखि शासन गर्दै आएको ओइभिपीले यसअघि नै एसपिओईसँग कयौंपटक सरकारमा सहकार्य गरिसकेको छ। *रासस/एएफपी*

# जापानमा जन्मदर नयाँ ऐतिहासिक न्यूनस्तरमा



**टोकियो–** जापानमा युवाहरूले विवाह गर्न ढिलाइ गर्दै गर्दा र वृद्ध जनसंख्या बढ्दै जाँदा लगातार नवौं वर्ष घट्दै गएर सन् २०२४ मा जन्मदर फेरि रेकर्ड न्यूनस्तरमा पुगेको बिहीबार सरकारी तथ्यांकले देखाएको छ। यी आँकडाहरूले विश्वको चौथो ठूलो अर्थतन्त्रले सामना गर्दै गरेको नाटकीय जनसांख्यिकीय चुनौतीहरूलाई उजागर गर्छन्। जापानमा घट्दो श्रमशक्तिले बढ्दो वृद्ध जनसंख्याको हेरचाहको लागत वहन गर्नुपर्ने भएको छ।

स्वास्थ्य मन्त्रालयको प्रारम्भिक तथ्यांकअनुसार सन् २०२४ मा विदेशी नागरिकहरूसहित जापानमा सात लाख २० हजार ९८८ बच्चा जन्मिएका थिए। यो सन् २०२३ मा सात लाख ५८ हजार ६३१ बाट पाँच प्रतिशतले कम हो।

जन्मको संख्या सरकारले सन् १८९९ मा तथ्यांक राख्न सुरु गरेयता सबैभन्दा कम भयो। मृत्युको संख्या जन्मको तुलनामा दोब्बरभन्दा बढी थियो। मृत्यु हुनेको संख्या सन् २०२३ मा १.८ प्रतिशतले बढेर १६ लाख २० हजार पुगेको छ।

जापानको कूल जनसंख्या यस महिना १२ करोड ३५ लाख ४० हजार पुगेको आन्तरिक मामिला मन्त्रालयको गत हप्ताको तथ्यांकले देखाएको छ। यो एक वर्ष अघिको तुलनामा ०.४६ प्रतिशतले कम हो। जन्म तथ्यांकले दक्षिण कोरियासँग तीव्र तुलना गरेको छ। दक्षिण कोरियामा बुधबारको तथ्यांकले सन् २०२४ मा प्रतिएक हजार मानिसमा जन्मिएका बच्चाहरूको संख्या बढेको छ। यो एक दशकभन्दा बढी समयमा पहिलोपटक हो।

सन् १९७३ मा जापानमा २१ लाख बच्चा जन्मिएका थिए। जापानी प्रधानमन्त्री शिगेरु इशिबाले जनसङ्ख्या संकटको सामना गर्नु आफ्नो शीर्ष प्राथमिकताहरूमध्ये एक रहेको बताएका छन्। तर शिक्षाको उच्च लागत, स्थिर अर्थव्यवस्था र जीवनशैलीमा परिवर्तनले युवाहरूलाई परिवार सुरु गर्न निरुत्साहित गरेको छ। *रासस/एएफपी*

# उत्तर कोरियाले एक अर्ब ५० करोड डलरको क्रिप्टोकरेन्सी चोरी गरेको एफबिआईको आरोप




**वासिङ्टन–** अमेरिकी फेडरल ब्युरो अफ इन्भेस्टिगेसन (एफबिआई) ले उत्तर कोरियामाथि गत हप्ता एक अर्ब ५० करोड डलरको डिजिटल सम्पत्ति चोरी गरेको आरोप लगाएको छ। यो इतिहासमा सबैभन्दा ठूलो क्रिप्टो चोरी हो।

‘उत्तर कोरिया क्रिप्टोकरेन्सी एक्सचेन्ज, बाइबिटबाट लगभग एब अर्ब ५० करोड अमेरिकी डलर मूल्य बराबरको भर्चुअल सम्पत्ति चोरीका लागि जिम्मेवार थियो,’ एफबिआईले एक सार्वजनिक सेवा घोषणामा भनेको छ।

ब्युरोले लाजारस ग्रुप पनि भनिने ट्रेडरट्रेटर एक समूह चोरीको पछाडि रहेको बताएको छ। ‘उनीहरू द्रुतगतिमा अघि बढिरहेका छन् र चोरी गरिएको केही सम्पत्तिलाई बिटकोइन र अन्य भर्चुअल सम्पत्तिमा परिवर्तन गरिसकेका छन् जुन धेरै ब्लकचेनहरूमा हजारौं ठेगानामा फैलिएका छन्,’ ब्युरोले भनेको छ, ‘यी सम्पत्तिहरू थप रूपमा धुलाइ गरिने र अन्ततः फिएट मुद्रामा परिवर्तन गरिने अपेक्षा गरिएको छ।’

उत्तर कोरियाली नेता किम जोङ उनको उपहास गर्ने फिल्म ‘द इन्टरभ्यु’को बदलामा सोनी पिक्चर्समा ह्याकिङ गरेको आरोप लागेपछि लाजारस समूहले एक दशकअघि कुख्याति प्राप्त गरेको थियो। उत्तर कोरियाको साइबर-युद्ध कार्यक्रम कम्तीमा सन् १९९० को मध्यदेखि सुरु भएको हो। सन् २०२० को अमेरिकी सैन्य प्रतिवेदनअनुसार, त्यस बेलादेखि यो छ हजार जना सदस्य भएको साइबर-युद्ध एकाइ बनेको छ जसलाई ब्युरो १२१ भनिन्छ र यो धेरै देशबाट सञ्चालन हुन्छ। *रासस/एएफपी*


## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पथरी, मोरङ, कोशी प्रदेश, नेपाल**

### (Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/१६**

चालु आ.व. २०८१/०८२ मा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका योजना बोलपत्र ठेक्का प्रकृयाबाट संचालन गर्नुपर्ने भएकोले इच्छुक निर्माण ब्यवसायी/कम्पनीहरूबाट https://www.bolpatra.gov.np/egp मा उल्लेखित सर्तहरूको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाइन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र/ठेक्का नं | कामको विवरण | लागत अनुमान (भ्याट र कन्टिन्जेन्सी बाहेक) रू. | बोलपत्र फारम दरुतुर रू. | जमानत रकम रू. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| PSS/NCB/WORKS /2081/082-01 | Construction of First Floor Of Multi-Proposed Building of Panchayat MA VI | 85,19,195.19 | 3,000- | 2,50,000 | २०८१।१२।१७ दिनको १२:०० बजे सम्म मात्र |
| PSS/NCB/WORKS /2081/082-02 | Construction of Boundary Wall in Panchayat Ma Vi | 31,65,954.76 | 3,000- | 90,000 | २०८१।१२।१७ दिनको १२:०० बजे सम्म मात्र |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ। निर्माण सम्बन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

२. वोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

**नोट**: माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार https://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी विड गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १७०३०० | प्रति तोला – ० | प्रति तोला – १९४५

## जापानका व्यवसायीलाई नेपालमा थप लगानी गर्न अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले नेपालको विकासका प्राथमिकताका क्षेत्रहरूमा जापानी लगानी आकर्षित गर्ने ठूलो सम्भावना रहेको बताएका छन् ।

नेपाल जापान फ्रेन्डसिप समिट २०२५ का लागि आएका जापानका विभिन्न व्यावसायिक कम्पनीका प्रतिनिधिहरूसँगको भेटमा उनले नेपाल जापान फ्रेन्डसिप समिटले नेपालमा लगानीकर्ताहरूको लागि अनुकूल वातावरण रहेको सन्देश प्रवाह गर्ने र जापानी लगानीकर्ताहरूलाई नेपालमा थप लगानी गर्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

पौडेलले विदेशी लगानीकर्ताहरूका लागि जलविद्युत, पर्यटन र उत्पादनमूलक क्षेत्र पनि लगानीको लागि आकर्षक क्षेत्र रहेकोले यी क्षेत्रमा उत्साहित भएर लगानी गर्न अनुरोध गरे । उनले सरकारले निजी क्षेत्रका सरोकारहरूलाई सम्बोधन गरी विभिन्न कानुनहरू अध्यादेशमार्फत संशोधन गरी लगानीको लागि अझ सहज वातावरण तयार गरेको जानकारी दिए ।

फुजिता, बेन्सेस कर्पोरेसन, डिजिटल पाइलट, टोकियो मरिन, फोर्थ भ्यालीलगायत एक दर्जनभन्दा बढी कम्पनीका प्रतिनिधिहरूले अर्थमन्त्री पौडेललाई भेटेका थिए ।

## सुरु भयो बजेटको तयारी

### नेपालको संयोजकत्वमा लेखन समिति

■ प्रभाव संवाददाता




**काठमाडौं–** अर्थमन्त्रालयले आर्थिक वर्ष २०८२/०८३ को बजेटको तयारी गरेको छ । अर्थमन्त्रालयले बजेट लेखनका लागि अर्थ मन्त्रालयले बजेट लेखन समिति गठन गरेको छ । समितिको संयोजकमा बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपाल रहेका छन् । सदस्यहरूमा वैदेशिक महाशाखा प्रमुख धनीराम शर्मा, राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्री, प्रशासन महाशाखा प्रमुख थानप्रसाद पंगेनी, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक तिर्थ चिलुवाल र सहमहालेखा नियन्त्रक सुशीला अर्याल रहेका छन् ।

बजेट लेखन समितिको बजेटको सिद्धान्त तथा प्राथमिकता निर्धारण, मन्त्रालयगत आयोजनाहरू कार्यक्रमहरूको प्राथमिकीकरण गर्न सहजीकरण, बजेट वक्तव्यको मस्यौदा तयार गर्नुका साथै नीति तथा कार्यक्रममा सुझाव पेश गर्ने कार्य जिम्मेवारी रहेको संयोजक नेपालले जानकारी दिए ।

यसैबीच अर्थ मन्त्रालयले राष्ट्रिय योजनाबाट स्रोत समितिको निर्णय बमोजिम प्राप्त भएको बजेटको सीमाभित्र रहेर चालु, पूँजीगत, वित्तीय व्यवस्था तथा अन्तर सरकारी वित्त हस्तान्तरणको मन्त्रालयगत सीमा तथा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणको सीमा उपलब्ध गराएको छ । आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐनमा फागुन १५ गते सम्ममा आगामी आर्थिक वर्षको बजेटको सीमा तथा बजेट तर्जुमा सम्बन्धी मार्ग दर्शन पठाउने व्यवस्था छ ।

त्यसैगरी अर्थ मन्त्रालयले समानीकरण अनुदानको सीमा राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगलाई उपलब्ध गराएको छ । समपुरक र विशेष अनुदानको सीमा राष्ट्रिय योजना आयोग र सशर्त अनुदानको सीमा सम्बन्धित विषयगत मन्त्रालयहरूलाई उपलब्ध गराएको छ । राष्ट्रिय गौरवका आयोजनाहरू र मुख्य मुख्य आयोजनाहरूका लागि बजेट एयरमार्क गरी पठाइएको छ ।

बजेट मार्ग दर्शनमा बजेटको सीमाभित्र रही गुणस्तरीय आयोजना तथा क्रियाकलापमा बजेट प्रस्ताव गर्न, नयाँ आयोजना प्रस्ताव गर्दा चालु आयोजनाहरूलाई प्राथमिकीकरण गर्ने तयारी पूरा भएका एवं लगानी ढाँचा सुनिश्चित भएका आयोजनामात्र प्रस्ताव गर्ने लगायतका विषय समावेश छन् । त्यसैगरी आयोजनाहरू दोहोरो नपर्ने गरी आयोजना बैंकमा समावेश भएका प्रस्ताव मात्र समावेश गर्न पनि अनुरोध गरिएको छ ।

## वीरगञ्जबाट दोब्बर निर्यात

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको सात महिनाको अवधिमा रु ४० अर्ब ३४ करोड ५९ लाख ७९ हजार मूल्य बराबरका वस्तु तथा सामान निर्यात भएका छन् । गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा नाकाबाट हुने निर्यात झण्डै दोब्बरभन्दा धेरै बढेको छ । गत आवको सात महिनाको अवधिमा यो नाका हुँदै रु १७ अर्ब सात करोड ९५ लाख ६० हजार मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो ।

मुलुकभर रहेका साना/ठूला २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सार नाका हुँदै भएको निर्यातको हिस्सा भने ३१ दशमलव ७२ प्रतिशत रहेको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवमा प्रशोधित सूर्यमुखी र भटमासको तेल निर्यात बढेसँगै समग्रमा निर्यात बढेको बताए । 'गत आवको तुलनामा चालु आवमा निर्यातमा उत्साहजनक ढङ्गले वृद्धि हुँदै आइरहेको छ', उनले भने ।

वीरगञ्ज भन्सार नाका हुँदै चालु आवको सात महिनाको अवधिमा रु १९ अर्ब ३६ करोड मूल्यको प्रशोधित भटमासको तेल निर्यात भएको छ । त्यस्तै सोही अवधिमा रु चार अर्ब ६३ करोड मूल्य पर्ने प्रशोधित सूर्यमुखीको तेल निर्यात भएको छ ।

रु तीन अर्ब ९६ करोड मूल्य पर्ने फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ । त्यस्तै गरी रु तीन अर्ब १२ करोड मूल्य पर्ने फलाम तथा फलामका सामग्री निर्यात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

रु एक अर्ब ६० करोड मूल्य पर्ने सिन्थेटिक यार्न र रु एक अर्ब ४७ करोड मूल्य बराबरको विभिन्न प्रकारका कपडा विदेशी मुलुकमा निर्यात भएको छ । सोही अवधिमा रु एक अर्ब २२ करोड मूल्य पर्ने पशु आहारको कच्चा पदार्थ पिना चोकर भुस निर्यात भएको छ ।

## शेयर बजारमा उछाल

**काठमाडौं (प्रस)–** कारोबारको अन्तिम दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा हरियाली छाएको छ । मौद्रिक नीतिको समीक्षामार्फत असल कर्जाको प्रोभिजन दर १.१ प्रतिशतबाट १ प्रतिशतमा झरेसँगै बिहीबार सेयर बजारमा हरियाली छाएको हो । सेयर बजार ४९.१५ अंकले बढेर परिसूचक २८१५ बिन्दुमा पुगेर रोकिएको छ ।

दुई करोड कित्ता सेयर किनबेच हुँदा ११ अर्ब ३९ करोडको कारोबार भयो । कारोबारमा आएका १८६ कम्पनीको सेयर बढेका छन् । कारोबारका आधारमा सर्वाधिक हिमालय रि इन्सुरेन्सले ९६ करोड, नेपाल रिइन्सुरेन्सले ७६ करोड र एनआरएन इन्फ्रास्ट्रक्चरले ४६ करोडको कारोबार गरे । गर्डियन माइक्रो लाइफ, अपर हेवाखोला हाइड्रो, सिन्धु विकास बैंक र दोर्दी खोला जलविद्युतको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ ।

## नेपाल लाइफको 'छुट्ला है छुट' योजना

**काठमाडौं (प्रस)–** नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले 'छुट्ला है, छुट' योजना सार्वजनिक गरेको छ । यो योजना अन्तर्गत यस कम्पनीका बीमितहरूले भुक्तानी गर्नुपर्ने नविकरण बीमाशुल्क भुक्तानी नगरि १८० दिन भन्दा माथि व्यतित भएका बीमालेखहरूमा यही फागुन १५ गतेदेखि आगामी जेठ २ सम्म नविकरण बीमाशुल्क भुक्तानी गरी सुचारु गरेमा बीमालेख नविकरण गर्दा लाग्ने विलम्ब शुल्कमा ५० प्रतिशत छुट प्रदान गरिने कम्पनीले जनाएको छ ।




कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले कम्पनी २५ औं वर्षमा प्रवेश गर्दै गरेको अवसरमा यो आकर्षक योजना सार्वजनिक गरिएको बताए । उनले बीमितहरूको हितलाई मध्यनजर गर्दै यो विशेष योजना एक पटकको लागि सार्वजनिक गरिएको र व्यतित भएका बीमालेखहरू समयमा नै नविकरण बीमाशुल्क भुक्तानी गरी बीमालेख नविकरण गर्दा लाग्ने विलम्ब शुल्कमा ५० प्रतिशत छुटको लाभ उठाउन आग्रह गरेका छन् । साथसाथै बीमालेखलाई निरन्तरता प्रदान गर्दै जोखिम हस्तान्तरण गरी ढुक्कका साथ जीवनयापन गर्न आग्रह गरे ।

## आधारभूत पर्वतारोहण सीप तालिम सम्पन्न

■ दिपा सुनुवार



**काठमाडौं–** विगत लामो समयदेखि रोकिएको आधारभूत पर्वतारोहण सीप तालिम र पेशागत पर्वतीय लिडर तालिम सम्पन्न भएको छ । बिहीबार नेपाल पर्वतारोहरण संघ (एनएमए)ले एक कार्यक्रमको आयोजना गरी दुवै तालिमका सहभागी प्रशिक्षार्थीहरू र प्रशिक्षकहरूलाई प्रमाणपत्र प्रदान गरी सम्पन्न गरेको हो ।

अध्यक्ष निमा नुरु शेर्पाले सो कार्यक्रमको सभापतित्व गर्दै धेरै लामो समयपछि यो तालिम दिएर केही मात्रमा नेपालको पर्यटन क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सफल भएकोमा प्रशिक्षार्थीहरूलाई धन्यवाद दिँदै खुशी व्यक्त गरे । उनले भने, 'कोभिड जस्तो महामारी र अन्य विविध कारणले स्थगित यो तालिम पुन सञ्चालन गरिएको छ ।' नेपालमा हाल यस किसिमको तालिम दिन संघले, संस्थानले र सिटिइभिटी (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तीन तहका रूपमा पर्वतीय नेतृत्व विकासमा टेवा दिन तालिम सञ्चालनमा ल्याएको उनले बताए । यो भन्दा अघिल्ला वर्षहरूमा संघले ४० जना वार्षिक रूपमा तालिम दिने गरेकोमा अबको यस प्रकारको तालिमले वार्षिक रूपमा एक सयभन्दा माथि जनशक्ति उत्पादन हुनेमा उनी विश्वस्त भएको बताए ।

उक्त कार्यक्रमका प्रमुख अतिथि एवम् कार्यक्रमका प्रमुख अतिथिका रूपमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण कुमार चौधरी र संघका अध्यक्ष शेर्पाले संयुक्त रूपमा 'पेशागत पर्वतीय लिडर' नामक पाठ्यक्रम विमोचन गरेका छन् । कार्यक्रममा राज्यमन्त्री चौधरीले भने, 'आज लिखित रूपमा जिम्मेवारी पाउनुभएका सबै सहभागीहरूलाई धन्यवाद छ । प्राविधिक शिक्षा ,सिटिइभिटीमा पनि यो सामवेश भएको छ, जसले गर्दा उत्पादित दक्ष जनशक्तिले देशको आर्थिक अवस्थामा निकै टेवा पुग्नेमा आशा पलााएको छ । उनले कार्यक्रमा उल्लेखित विभिन्न समस्या र सल्लाहसुझवहरू बजेटको पूर्वसंध्यामा पहल गरिने आश्वसन दिए । जनताको सेवा गर्न कर्मचारीहरू भएकाले कर्मचारीतन्त्रबाट नपन्छिन अहिले जिम्मेवारी पाएका सबै प्रशिक्षार्थीहरूलाई उनले आग्रह पनि गरे ।

राज्यमन्त्री चौधरीले सम्पूर्ण सहभागी प्रशिक्षार्थीहरू र प्रशिक्षकहरूलाई प्रमाण पत्र, ब्याज र टोकन अफ लभ प्रदान गरे । आधारभूत पर्वतारोहण सीपका लागि २२जना सहभागीहरूलाई ८ जना प्रशिक्षकहरूले प्रशिक्षण गराएका थिए भते अन्तर्राष्ट्रिय पर्वत लिडरका ३२ सहभागीहरूलाई छ जना प्रशिक्षकहरूले प्रशिक्षण गराएका थिए ।

टानका अध्यक्ष सागर पाण्डेले भने, 'नाथम, टानजस्ता संस्थाहरूले बारम्बार ट्रेकिङका तालिमहरू सञ्चालन गर्दै आएको छ । पहिले पदयात्रीहरू चासोका साथ आउने गर्थे । तर अहिले भावानात्मक पदयात्रीहरू आउने गर्छन् जसस्वरूपमा भविस्यमा अधिक मात्रमा माग हुने सम्भावना छ ।'

प्रेस काउन्सीलका अध्यक्ष वालकृष्ण बस्नेतले भने ,' संघले दिएको यो तालिम सहरायिन र राम्रो काम हो । यो कदम सकारात्मक छ । प्रशिक्षाथीहरूलाई बधाइ दिँदै 'हिमदूत' को उपनाम दिँदै भने यो प्रमाणपत्र पाउन त्यति सजिलो नभएको भन्दै सही सदुपयोग गर्न शुभकामना दिए । कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

अपांगताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपांगता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपांगताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपांगमैत्री बनाऔं ।
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र सञ्चारलाई अपांगतामैत्री बनाऔं,
- अपांगताको आधारमा गरिने हरेक विभेदविरूद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ